मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल



## बडा दशैं २०८२ को शुभकामना सन्देश

नेपाली हिन्दू धर्मावलम्बीहरूको महान् चाड बडादशैं-२०८२ को पावन अवसरमा देशभित्र तथा विश्वभर छरिएर बसोबास गर्नुहुने सुदूरपश्चिम प्रदेशवासी सहित सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

शक्ति र सत्यको प्रतीकको रूपमा मनाइने बडादशैं आश्विन शुक्ल प्रतिपदादेखि विधिपूर्वक घटस्थापना गरी दुर्गा भवानीको पूजा-आराधना गरिन्छ र दशमीका दिन मान्यजनका हातबाट टीका, जमरा र आशीर्वाद ग्रहण गरी पारिवारिक पुनर्मिलन, आपसी सद्भाव र हार्दिकताको साथ मनाउने परम्परा रहिआएको छ। धार्मिक विश्वास अनुसार यस दिन दुर्गा भवानीले दानव शक्तिमाथि विजय प्राप्त गर्नुभएको स्मरण गर्दै, सत्यको विजय र असत्यको पराजय, सदाचारको जीत र दुराचारको हारका रूपमा यस पर्वलाई हर्षोल्लास साथ मनाइन्छ।

बडादशैं पारिवारिक जमघट र पुनर्मिलनको मात्र पर्व नभई, विविधता बीचको एकता, सद्भाव, मेलमिलाप, सहिष्णुता र भ्रातृत्वको गहन सन्देश बोकेको चाड हो। यसले विकृति र विसंगतिलाई पराजित गर्दै राष्ट्रिय एकतालाई सबल बनाउन योगदान पुऱ्याउँदै आएको छ।

आजको नयाँ पुस्ताले देखाएको सचेतना, सुधारप्रतिको आकांङ्क्षा र परिवर्तनप्रतिको आग्रहलाई समेत यो पर्वले अझ सबल बनाओस् भन्ने मेरो अपेक्षा छ। यसैमार्फत हाम्रा युवा पुस्तामा रहेको स्वाभिमान, सिर्जनशीलता र अग्रगमनको भावना सत्यमाथि असत्यको विजयजस्तै उजागर भई देशलाई सामाजिक न्याय, समानता र समृद्धिको मार्गमा अघि बढ्ने छ भन्ने मेरो विश्वास रहेको छ।

यस पावन अवसरमा, बडादशैंले सबै नेपालीलाई न्याय, समानता र सामाजिक न्यायका आधारमा आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्ने ऊर्जा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै यस पर्वले हाम्रो सामाजिक र सांस्कृतिक ऐक्यबद्धतालाई अझ सुदृढ बनाउँदै सभ्य, सुसंस्कृत, न्यायपूर्ण र समतामूलक समाज निर्माणको दिशामा प्रेरणा दिन सकोस भन्ने शुभेच्छा व्यक्त गर्न चाहन्छु।

धन्यवाद ।

२०८२ असोज १२ गते, आइतबार

**कमल बहादुर शाह**
**मुख्यमन्त्री**
**सुदूरपश्चिम प्रदेश सरकार**